DOI: https://doi.org/10.3126/cognition.v6i1.64481

# ‘निर्णय’ कथाको समाजशात्रीय विश्लेषण
## (A sociological analysis of the story 'Nirnaya')

**शेखर अर्याल**[१]

***लेखसार***

*प्रस्तुत लेख मातृका पोखरेलद्वारा लिखित सन्त्रस्त आँखाहरू कथासङ्ग्रह (२०६१) मा समाविष्ट कथामा आधारित छ । यस कथाको विश्लेषण समाजशास्त्रीय चिन्तक इपिलि अडोल्फ तेनको जाति, युग र पर्यावरणमध्ये भौगोलिक, समाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक पर्यावरणका पक्षबाट गरिएको छ । साहित्यमा पर्यावरणको प्रभाव प्रबल रूपमा रहेको हुन्छ । पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित हुन्छ । भौगोलिक संरचना तथा प्राकृतिक स्थितिले साहित्यलाई प्रभाव पारेको हुन्छ । निर्णय कथामा नेपालको ग्रामीण भौगोलिक पर्यावरणका साथै सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक पर्यरिवण रहेको छ । कथामा ग्रामीण जनजीवनको परिवेशलाई आधार मानी वि. सं. २०५२ सालपछिको पर्यावरणमा त्यस समयमा हुने वर्गीय भेद, सत्ताको मोहमा फसेको राजनीति, जनताप्रतिको चासो, आर्थिक अवस्था, भौगोलिक अवस्थाले पार्ने प्रभाव, चुनावी माहोल, नेपाली परिवेशमा गरेको सङ्घर्ष सशक्त रूपमा रहेको छ । मूलतः यस विश्लेषणमा समाजशास्त्रीय मान्यतामा रही जाति, क्षण र पर्यावरणमध्ये भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पर्यावरणको प्रभाव परेको छ ।*

**शब्दकुञ्जीका** : पर्यावरण, समाजशास्त्रीय, भौगोलिक पर्यावरण, सामाजिक प्रभाव, आर्थिक र सांस्कृतिक पर्यावरण

### विषय परिचय

मातृका पोखरेल वि.सं. २०२३ सालमा उदयपुर ठानागाउँ थामखकरमा जन्मिएका हुन् । साहित्यिक सिर्जना र समालोचनाका क्षेत्रमा कलम चलाउने एक प्रगतिशील व्यक्तित्व पनि हुन् । उनी संस्मरण, लेख, टीप्पणी/समीक्षा, कथा, कविता, लघुकथा, वार्ता/अन्तर्वार्ता, अनुदित रचना, बालसाहित्य, अडियो भिडियो, यात्रा सन्दर्भ, भूमिका लेखन, पाठक प्रतिक्रिया, गोष्ठी/सभा/सम्मेलन आदिमा चितपरिचित व्यक्तित्व हुन् । उनका *सेतो दरबारको छेउबाट कवितासङ्ग्रह* (२०५६), *यात्राको एउटा दृश्य कवितासङ्ग्रह* (२०६०), *अनुहारहरू कवितासङ्ग्रह* (२०६४), *मित्रताको आकाश कवितासङ्ग्रह* (२०७६), *सन्त्रस्त आँखाहरू कथासङ्ग्रह* (२०६१) र *घाम झुल्किनुअघि कथासङ्ग्रह* (२०६७) प्रकाशित भएका छन् । कवि, कथाकार र समालोचकका रूपमा परिचित पोखरेल कथालाई गहन ढङ्गबाट यथार्थपरक तरिकाले बनोटबुनोट गर्नसक्ने कथाकार हुन् । उनको *सन्त्रस्त*

१. ईमेलः shekhararyal777@gmail.com

*Received on Nov. 23, 2023 Accepted on Jan. 14, 2024 Published on Jan. 31, 2024*

*आँखाहरू* कथासङ्ग्रहमा १२, *घाम झुल्किनुअघि* कथासङ्ग्रहमा १५ गरी २७ र अन्य पत्रपत्रिकामा १३ गरी जम्मा ४० कथा प्रकाशित भएका छन् । यो कथा *सन्त्रस्त आँखाहरू* कथासङ्ग्रहमा सङ्ग्रहित कथा हो । यस कथामा नेपाली समाजको सामाजिक अवस्थालाई चित्रण गर्नुका साथै पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, भौगोलिक परिवेशको चित्रण गरिएको छ । यस कथामा जीवनभोगाइका समाजिक र राजनीतिक अवस्थाको चित्रण गरिएको छ । यो कथा ग्रामीण परिवेशको जनजीवनमा आधारित भई राजनीतिक छलकपट अनि गरिब र सङ्घर्षशील जनतामाथि गरेको बेइमानी कस्तो हुन्छ ? भन्ने विषयमा आधारित भई २०५२ सालपछिको पर्यावरणमा आधारित रहेको छ ।

समाजशास्त्रलाई समाजको संरचना विकास, सामाजिक गतिविधि र संस्कृतिको अध्ययनका रूपमा लिइन्छ । यसले समाजको आन्तरिक र बाह्य पर्यावरणसँग सम्बद्ध तथ्यहरूको अध्ययन गरेको हुन्छ । समाजशास्त्रभित्र अन्तर्निहित विविध आयाममध्ये साहित्यको समाजशास्त्रलाई एक पक्षका रूपमा लिइन्छ। साहित्य र समाजशास्त्रीय चिन्तनको मूल दार्शनिक तथा साहित्यिक विश्लेषणका जाति, युग र पर्यावरणको संयोगलाई नै साहित्यिक कृतिका रूपमा इपिलि अडोल्फ तेनले लिएका छन् । यिनै तत्त्वको खोजी र विश्लेषण नै साहित्यिक विश्लेषणका रूपमा रहेको हुन्छ। तेनका तीन तत्त्वमध्ये पर्यावरणको भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पर्यावरणको समन्वित पक्षका रूपमा रहेर यस कथाको विश्लेषण गरिएको छ। नेपाली ग्रामीण समाजको यथार्थ वर्णनलाई भौगोलिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अवस्थासँग पर्यावरणलाई जोडेर त्यसैका आधारमा कथाको विश्लेषण गरिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत कथाको अध्ययन र विश्लेषण तेनको पर्यावरणसम्बन्धी मान्यताका आधारमा गरिएको छ। यसमा कथाको वस्तुगत विश्लेषण गरी निष्कर्ष स्थापना गर्ने कार्यमा केन्द्रित रहेको छ । तेनको पर्यावरणका आधारमा कथाको अध्ययन विधिको उपयोग गरिएको छ। विश्लेषणका लागि छनोट गरिएको यो कथा स्वैच्छिक छनोट हो । यस अध्ययनका लागि प्राथमिक सामग्रीका रूपमा मातृका पोखरेलको सन्त्रस्त आँखाहरू कथा सङ्ग्रहअन्तर्गत 'निर्णय' कथालाई लिइएको छ। द्वितीयक सामग्रीका रूपमा कथाको विश्लेषण गर्नका लागि सैद्धान्तिक अवधारणा, स्वरूप र संरचनासम्बन्धी तेनको साहित्यको समाजशास्त्र सम्बन्धी पर्यावरण्को सैद्धान्तिक आधारको विमर्श गरिएका पुस्तक तथा पत्रपत्रिकाबाट आवश्यक सामग्रीको सङ्कलन गरिएको छ । तेनका जाति, क्षण र पर्यावरणमध्ये पर्यावरणसम्बन्धी सिद्धान्तका आधारमा पर्यावरणका विषयवस्तु केकस्ता रहेका छन् ? भन्ने विषयलाई आधार बनाइएको छ ।

## सैद्धान्तिक आधार

समाजशास्त्र समाजको अध्ययन गर्ने विज्ञान हो । साहित्यमा पनि समाजशास्त्रको प्रभाव रहन्छ । यसका बारेमा समाजशास्त्रीहरूको धारणा आआफ्नै किसिमले राखेका छन् । समाजशास्त्र एक समाजको विज्ञान, सामाजिक सम्बन्ध, मानव व्यवहारको अध्ययन, सामाजिक क्रियाको अध्ययन, मानवीय सम्बन्धको स्वरूपको अध्ययन,

सामाजिक समूह अथवा सामाजिक व्यवस्थाको अध्ययन हो (सचदेवः सन् १९९३ः ५) । समाजशास्त्रमा मानिसको समाजसित सहचार्य रहन्छ । समाज विकासमा मानिसको सम्बन्धले विविध विषय सिर्जना गर्दछ । समाजमा सिर्जना गरिएका ती विषयले समाज विकासको प्रक्रियामा समेत प्रभाव पारेको हुन्छ । समाजमा रहेका सामाजिक, सांस्कृतिक, भौगोलिक, धार्मिक, आर्थिक र राजनीतिक विषयको अध्ययन अनुसन्धान साहित्यको समाजशास्त्रले गर्दछ ।

समाजशास्त्रभित्र भिन्न प्रवृति रहेका हुन्छन् । समाजमा भएका कार्यहरूको अध्ययन विश्लेषण गर्ने पद्धति पनि भिन्न रहेको हुन्छ । धर्म, रीतिरिवाज, परम्परा र धार्मिक संघ सस्थाको व्याख्या विश्लेषण र यर्थाथलाई प्रस्तुत गर्ने पद्धति समाजशास्त्रीय पद्धति हो (बराल : २०६५ : २७६) । समाजमा रहेका विविध विषयलाई आधार मानी साहित्यमा पर्यावरणका माध्यमबाट धर्म, रीतिरिवाज, धार्मिक अवस्था, भौगोलिक स्थिति र सामाजिक स्थितिलाई प्रस्तुत गएिको हुन्छ ।

पर्यावरण सरल घटना नभई एक जटिल घटनाका रूपमा देखिन्छ । सम्पूर्ण पर्यावरणबाट र तात्यर्पबाट त्यसको सबै कुरा अगाडि बढेको हुन्छ, जसको अनुभव सामाजिक मनुष्यले गर्दछ । कृति संरचनामा व्यक्ति सक्रिय रहन्छ र ऊ स्वयम् प्रभावित हुन्छ (सचदेव : १९९३२ : १८८) । साहित्यमा पर्यावरणको भूमिका रहन्छ । सामाजिक पर्यावरणमा आर्थिक, सांस्कृतिक र मनोसामाजिक प्रभाव परेको हुन्छ । जसको अनुभव साहित्यिक कृतिमा परेको देखिन्छ । साहित्यकार जुन युगमा बाँचेको हुन्छ त्यस युगको आफ्नै सामाजिक समस्या, सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । यिनै समस्या, मान्यता तथा विश्वासलाई समग्र रूपमा पर्यावरण भनिन्छ (शर्मा र लुइँटेल : २०६७ : १२९) । साहित्यकार पूर्ण रूपमा समाज अनि आफ्नो वरपरको पर्यावरणबाट भिन्न रहन सक्दैन । त्यसको प्रभाव आफ्ना कृतिहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परिचालन भएको हुन्छ ।

तेनले साहित्यमा पर्यावरणको प्रभाव प्रबल रूपमा रहने कुरा बताएका छन् । उनको पर्यावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित देखिन्छ । समाहित्यिक कृतिमा पर्ने प्रभाव हावापानी तथा भौगोलिक वातावरणका आधारमा रहन्छ । भौगोलिक संरचना तथा प्राकृतिक स्थितिले त्यसलाई प्रभाव पारेको हुन्छ । समाजमा सामाजिक पर्यावरणबाट विविध खालको प्रभाव पार्ने हुनाले त्यो प्रभाव सामाजिक सांस्कृतिक, भौगोलिक, राजनीतिक, आर्थिक र लेखकमा समेत पर्दछ । साहित्यमा समावेश भएका यी विचारलाई खोजी निर्णय कथाको विश्लेषण गरिएको छ ।

## पर्यावरणका आधारमा 'निर्णय' कथाको विश्लेषण

यस कथामा नेपालको ग्रामीण भौगोलिक पर्यावरणका साथै सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक पर्यावरणमा प्रस्तुत भएको देखिन्छ । लेखकले वस्तुयथार्थबाट रचना सामग्री बटुली संश्लेषण गर्दछ र पुनः समाजलाई सांस्कृतिक कलात्मक स्वरूपमा प्रस्तुत गर्दछ (बराल : २०६४ : २) । कथामा पनि कथाकारले नेपाली ग्रामीण समाजमा विद्यमान सामाजिक परिवेश, हावापानी, माटो, यथार्थपरक राजनीतिक अवस्था, समाजवादी यथार्थवादी स्थिति, अँध्यारोबाट उज्यालो खोज्ने परिवेश, सत्यताको चाह, भविश्यप्रतिको आशा सामाजिक रूपान्तरणको इच्छा, जनताले दिएको योगदानलाई राजनीतिकर्मीले आफ्नो स्वार्थमा परिणत गर्ने,

आफ्नो गाउँघर समाजमा हुने सांस्कृतिक कुरालाई कलात्मक ढङ्गले प्रस्तुत गरी समाजलाई चेतना प्रदान गरेको छ । कथामा नेता रामलाल, वीरनरसिंह, कान्लेबुढा, गोठाला, चिया पसल्नी, मिठु पात्रलाई ग्रामीण जनजीवनको परिवेशमा राखी वि. सं. २०५२ सालपछिको पर्यावरणमा कथा प्रस्तुत गरिएको छ । त्यस समयमा वर्गीय भेद, सत्तामोहमा फसेको राजनीति, जनताप्रतिको चासो, आर्थिक अवस्था, भौगोलिक अवस्थाले पार्ने प्रभाव, चुनावी माहोल, सर्वसाधारण परिवार वा समाजले भोग्ने पीडा, मूलतः नेपाली परिवेशमा स्वतन्त्रता र आम परिवर्तनका खातिर गरेको सङ्घर्ष पनि सशक्त रूपमा रहेको छ । मूलतः यस विश्लेषणमा तेनको समाजशास्त्रीय मान्यतामा रही भौगोलिक, सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक पर्यावरणका आधारमा निर्णय कथालाई विश्लेषण गरिएको छ ।

**भौगोलिक पर्यावरण**

भूगोलसँग सम्बन्धित रहेको क्षेत्र भौगोलिक हो भने पर्यावरण भनेको कुनै वस्तु, विषय, व्यक्ति आदिको अवस्थिति र परिवेश; वातावरण; जलवायु वा हावापानी पर्यावरण हो । यसरी भौगोलिक पर्यावरण भन्नाले भूगोलसँग सम्बन्धित वातावरण हो । यसले साहित्यमा प्रभाव पारेको हुन्छ । भौगोलिक पर्यावरणले वस्तु पक्ष वा वस्तुगत रहनसहनको यथार्थ स्थिति अर्थात् बाह्य तथा दृश्य वातावरणमा आधारित कुनै व्यक्ति विषयवस्तु आदिको स्थितिलाई जनाउँछ । यस कथामा पनि भौगोलिक पर्यावरणको प्रभाव परेको छ । यो ठाउँ नपत्याउने जस्तो देखिए पनि यसले पञ्चायती निरङ्कुश व्यवस्थाको छातिमाथि बज्रमुक्का प्रहार गरेको विषयले २०४७ सालपछिको समय भएको प्रमाणित हुन्छ । भूमिगत जीवन बिताएको प्रसङ्ग जोड्दा २०५२ पछिको अवस्थालाई पनि सङ्केत गरेको देखिन्छ । यस समयमा पञ्चायती व्यवस्थाको अन्त्य भएको तर आफ्नो स्वार्थ सिद्धिका लागि पाटी परिवर्तन गरेर स्वार्थ खिच्ने चरित्रले ग्रामीण जनजीवनमा वा नेपाली समाजमा नेताको २०५२ पछिको चुनावी अवस्थालाई चित्रण गरिएको कुरा प्रस्ट हुन्छ । नेताले पाटी परिवर्तन गर्दा पनि सङ्घर्षशील जनता परिवर्तन नभएको विषय पनि देख्न सकिन्छ । महेन्द्रराजमार्ग छाडेर उत्तरतिर लागेपछि भेटिएका ससाना बस्तीको प्रसङ्गले ग्रामीण परिवेशलाई प्रस्ट्याउँछ । पहाडी भूभाग जहाँ आफ्नो जीविकोपार्जन गर्नका लागि आफ्नो काम गर्ने विषयले पनि भौगालिक अवस्थाको चित्रण गर्दछ । जीवननिर्वाहका लागि सडक छेउमा पसल खोलेर बस्नु, झुत्राझाम्रा कपडा लगाएकी मिठुले छिमेकीसँग कुरा गर्नु, डोको बोकेर महिलाहरू काममा जान लागेको हुनु जस्ता विषयले पनि ग्रामीण परिवेशलाई देखाएको छ । कति चाँडो यी पछिल्ला दिनहरू बितेछन् । सातवर्षको भूमिगत जीवन यस ठाउँमा बिताउँदा कति लामो लागेको थियो । ऊ जान अनजान आफ्नो अतीततिर फर्किरहेको थियो (पृ.२८) । गाउँघरमा जसले सबैको भलो गर्न चाहन्छ त्यसले सुरुमा नेतृत्व लिन्छ तर स्वार्थमा लीन भएपछि पार्टी परिवर्तन गरी सत्ता हत्त्याउँछ भन्ने सामाजिक दृश्य लेखकमा परेको छ । लेखक आफू पनि त्यस समयको भूमिगत जीवनसँग सम्बन्धित हुनाले त्यस समयको प्रभाव लेखकमा परेको छ । समाजमा जुन व्यवहार देखिन्छ वा गरिन्छ त्यसको छाप व्यक्ति वा लेखकमा पनि पर्छ । यही कारण पर्यावरणको छाप कृतिमा परेको छ । मिठु पसलमा आइपुगेकै थिइन । पसलभन्दा केही परै ऊ डोको बोकेर अर्कै महिलासँग कुरा गर्दै थिई (पृ.३०-३१) । भौगोलिक पर्यावरणका आधारमा हेर्दा पहाडी भूभागमा सडकछेउमा पसलहरू हुने अनि गाईवस्तु चराउन आउने अनि घाँसदाउरा गर्नका लागि डोको बोकेर कामकाज गरी जीवननिर्वाह गर्ने

काम ग्रामीण समाजमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ। एकआपसमा कुराकानी गर्दै आफ्नो काम गर्नमा तल्लीन रहने ग्रामीण समाजको वास्तविकतालाई पनि यथार्थपरक ढङ्गबाट देखाइएको छ। गाउँ समाजमा भएको दुःखपीडा, समस्या अनि त्यसको उन्मुलनमा गरेको सङ्घर्षलाई पनि त्यस समयको परिवेशमा आधारित रही कथाले समाजको वास्तविक यथार्थको परिवेशगत चित्रण गरेको छ।

कथामा महेन्द्रराजमार्गको उत्तरतिर साना बस्तीको उल्लेख हुनु, त्यो ठाउँ एक ऐतिहासिक स्थल हुनु, रामलाललाई राष्ट्रिय स्तरको नेतामा पुऱ्याउनु, पार्टीको काममा पूर्वतिर जानु, घरभन्दा टाढाको बस्तीले दिएको मायाका कारण आफ्नो घर बिर्सनु, बाटोमा गाडीबाट हिँड्दा तल नदी देखिनु, रामलालले त्यस स्थानका रुख, खेतबारी र घरहरू हेर्नु, बाटामा थुप्रै चिनेका मान्छे देखिनु, कान्लेबुढा निकै बुढो हुनु, वातावरण उराठलाग्दो देखिनु, भूमिगत जीवन बिताएको स्मरण गर्नु, आफू पलायन भएको हुँदा जीविकोपार्जनका लागि मानिसले पसल खोल्नु, चियापसलमा चिया पिउनु तर डरले मुख छोपेर मोटरमा चढ्नु, छिटो मोटरमा चढी भागेर जङ्गलको बाटो लाग्दा शान्त हुनुले पनि ग्रामीण समाजमा बसोबास गर्ने व्यक्ति, त्यहाँको वातावरण, परिवारलाई प्रभाव पारेको छ। कथामा त्यो प्रभाव लेखकलाई पनि परेको छ।

**सामाजिक पर्यावरण**

समाजमा पाइने, हुने वा रहेको; समाजसँग सम्बन्धित अवस्था सामाजिक अवस्था हो भने पर्यावरण भनेको कुनै वस्तु, व्यक्ति, विषय आदिको अवस्थिति र परिवेश हो। सामाजिक पर्यावरण भनेको समाजसँग सम्बन्धित वातावरण हो। सामाजिक पर्यावरणका आधारमा कथालाई हेर्दा पारिवारिक तथा सामाजिक प्रभाव, चालचलन, रहनसहन, राजनीतिक सोचाइ, वर्गीय चेत आदिले प्रभाव पारेको छ। समाजमा मान्छे एक्लो नहुने हुँदा प्रकृति तथा सामाजिक पर्यावरणद्वारा घेरिएको हुन्छ। प्रत्येक समाजमा बस्ने व्यक्तिलाई पर्यावरणले प्रभाव पारेको हुन्छ। कथाको सामाजिक परिवेशभित्र महेन्द्रराजमार्गको उत्तरतिरको परिवेशदेखि नेपालको पूर्वको परिवेश लिँदै त्यहाँको सामाजिक तथा राजनीतिक मानवीय जनजीवनलाई आत्मसाथ गरेको देखिन्छ। कथामा बुढापाकाको ऐतिहासिक चर्चा, जनताले रामलाललाई चर्चित नेताको समकक्षमा पुऱ्याएको प्रसङ्ग, पार्टीका काममा रामलाल पूर्वतिर गएको प्रसङ्ग, रामलालले लामो समय सङ्घर्ष र जनताले त्यसको प्रतिवाद गरेको अवस्था, वीरनरसिंहले गरेको सोचाइ, मिठुको सहयोग अनि जनताले गरेको कार्यबाट डराएको रामलाल अनि जनताले जीविकोपार्जनका लागि गरेका कार्यले रामलाल, जनता र मिठुको भूमिकाले परिवेशगत अवस्थाले पुष्टि हुन्छ।

समाजमा रहेको वर्गविभेदले जनतामा देखिएका समस्यालाई यथार्थ ढङ्गबाट देखाइएको छ। त्यस्तै ग्रामीण परिवेशमा जीवननिर्वाहका लागि गरिने सङ्घर्षलाई पनि गहन तरिकाले प्रस्तुत गरिएको छ। नेताले पार्टी परिवर्तन गरेर जनतालाई धोका दिएको छ तर पनि जनता सत्य र यथार्थमा लागि नेताको पछाडि नलागेको परिवेश देखाइएको छ। तर त्यस समयमा नेताको पछाडि कुद्नेको लहर हुनाले पूर्ण रूपमा जनताले साथ नदिएको प्रसङ्ग यथार्थताबाट केही पर छ। समाजमा मातृसत्तालाई काममा लगाएको तथ्य महिलाले डोको बोकेर काममा लागेको परिवेशले सामाजिक यथार्थको झल्को दिएको छ। "ए ! गाडी बिस्तारै चला है !"

रामलालले एउटा डाँडोको झुप्रोतिर फर्किएर हेर्दै वीरनरसिंहलाई आदेश दियो (पृ.२७)। यस परिवेशले समाजमा त्यस समयमा जनताको मुक्तिका लागि सङ्घर्ष हुँदै गर्दा अझै सामन्ती संस्कार जान नसकेको र माथिल्लो वर्गले तल्लो वर्गलाई आदेश दिने र आफ्नो स्वार्थपूर्तिका लागि काममा लगाउने सोच रहेको तथ्य पुष्टि गरेको छ।

पुराना मान्छेलाई मात्र ऐतिहासिक योगदान थाहा भएको प्रसङ् र नयाँ पुस्ताका युवाहरूले नजानेको प्रसङ्ग कथामा आएको छ। यस विषयले गराएको सामाजिक जानकारीले समाजमा विद्यमान दुई पुस्तालाई देखाएको छ। यसमा समाजमा रहेको एकल वा संयुक्त परिवारको झलक बुढाको प्रसङ्गले बढी संयुक्त परिवार रहेको छ। कथामा मूलत सामाजिक परिवेश छ तर त्यहाँको रहनसहन रीतिरिवाज र पारिवारिक अवस्थाको गहन चर्चा उल्लेख छैन। यसो हुनुको कारण त्यस समयमा राजनीतिक चुनावी परिवेशलाई लिइएको कारण त्यही यथार्थ परिवेशलाई लेखकले लिएको देखिन्छ।

समाजमा देखिने राजनीतिक गतिविधि, विकास निमार्णको कार्य, स्वार्थ सिद्धिका लागि राजनीतिक पार्टीमा प्रवेश गर्ने, जीवननिर्वाहका लागि काममा जुट्ने, एकआपसमा सामाजिक कार्यमा लाग्ने , खराब कार्यको एकताबद्ध बिरोध गर्ने,  राजनैतिक परिवर्तन भए पनि आफ्नो अस्तित्व कायम गर्न खोज्नु, समाजमा बुढापाका र नयाँ पुस्ताको समूहबिच एकआपसमा सहकार्य हुन नसक्नु जस्ता विषयहरू सामाजिक पर्यावरणका रूपमा प्रस्तुत भएका छन्। यसले समयानुकूल व्यक्ति, समाज र लेखकको विचारमा प्रभाव पारेको छ।

**राजनीतिक पर्यावरण**

साहित्यका सिर्जनामा समाजका पक्षहरू प्रजाति, क्षण र परिवेशमा समाहित हुन्छन्। साहित्य राष्ट्रिय चरित्रको अभिव्यक्ति हो जसको सोझो अर्थ युग चेतना हो। जसले सामाजिक परिवेशमा राजनीतिक पक्षलाई पनि आत्मसाथ गरेको हुन्छ। साहित्यलाई समाजसँग जोडेपछि मानवीय मूल्यहरू स्थगित भएर अर्थव्यवस्था र श्रमको व्यवस्थामा मानवीय मूल्य कायम हुँदै गएमा व्यक्ति र समाज अन्तरसम्बन्धित भएर रहनुपर्छ। जसले गर्दा समाजिक अवस्थाले राजनीतिक स्थितिको चित्रणसमेत गर्दछ। स्रष्टा जति आफ्नो सिर्जनाको गहिराइमा पुग्छ त्यति नै आफ्नो सिर्जनामा स्थापित गरेको युगको र चेतनाको गहिराइमा पुग्न सफल हुन्छ। निर्णय कथामा पनि लेखक त्यो स्थितिमा पुगेको देखिन्छ। प्राणीमा परिवेशको प्रभाव पर्छ भन्ने मत वैज्ञानिक मत हो। तेनको मतमा साहित्य कार्य हो भने परिवेश त्यस कार्यको कारण हो। समाजिक स्थिति वा समाजभित्रको राजनीतिक अवस्था अनुकूल पनि साहित्यको निमार्ण हुन्छ।

कथामा आएको परिवेशले पनि राजनीतिक अवस्थालाई चित्रित गरेको छ। यो ठाउँ नपत्याउने जस्तो देखिए पनि यसले पञ्चायती निरङ्कुश व्यवस्थाको छातिमाथि बज्रमुक्का प्रहार गरेको थियो (पृ. २६)। कथामा प्रस्तुत भएको नपत्याउने ठाउँ छ। त्यस नपत्याउने ठाउँले पञ्चायती निरङ्कुश व्यवस्था समाप्त बनाएपछिको अवस्था देखाएको छ। त्यसपछिको चुनावी घटनाक्रममा २०५२ सालपछिको चुनावमा रामलाल गएको प्रसङ् गले पनि पुष्टि गरेको छ। पन्ध्र वर्षपछि रामलाल आज यो बाटो हुँदै पार्टीको काममा पूर्वीतिर जान लागेको थियो

(पृ.२७) । राजनीतिकर्मी आफ्नो पार्टी र चुनावी माहोलमा गाउँमा जाने अनि भोट माग्ने अवस्था देखाइएको छ। ऊ प्रत्येक रुखहरू हेर्छ, खेतबारीहरू हेर्छ र प्रत्येक घरहरूलाई अत्यन्तै गौर गरेर हेर्छ। कतै झुत्रोझाम्रो मानिस देखियो भने पनि ऊ पछि फर्किएर हेर्छ। ड्राइभर वीरनरसिंहले मनमनै विचार गर्‍यो - यो ठाउँ नेताज्यूको परिचित ठाउँ हुनुपर्छ (पृ.२७)। वीरनरसिंहको यस भनाइले पनि समाज र देशका निम्ति पहिला सङ्घर्ष गर्दा ग्रामीण जनजीवनको मनमा अटाउने अनि त्यहाँको वातावरणसँग पनि परिचित हुने कुरा दर्शाएको छ। आफ्नो स्वार्थ सिद्धिका लागि जनतालाई बिर्सेर पार्टी परिवर्तन गरी जनतालाई कुल्चने राजनीतिक पर्यावरणलाई कथाका माध्यमबाट सशक्त ढङ्गबाट प्रस्तुत गरिएको छ।

तर - कसरी ! त्यही ठाउँ हो, हिजो अर्को पार्टीतिर लागेपछि त्यहाँका सबै मान्छेले मेरो पुत्ला बनाएर जलाए। मपप्रति सबैले घृणा गरे। यस ठाउँका सबै मान्छेहरू यसको पछि लाग्छन् भनेर म प्रवेश गरेको पार्टीले मलाई धेरै ठुलो पद दियो। तर मसँग एक जना पनि पछि लागेनन् (पृ.२९)। नेता आफ्नो स्वार्थका लागि अन्य पार्टीमा परिवर्तन गरे पनि देश र जनताका खातिर लागेका कार्यकर्ता विचलित नभइको परिवेश कथामा रहेको छ। हाम्रो समाजमा आफ्नो कर्तव्य बिर्सेर स्वार्थमा लाग्ने राजनीतिक चरित्रको परिवेशलाई कथाकारले सशक्त रूपमा उतारेका छन्।

कथामा मूलतः सामाजिक परिवेशभित्र राजनीतिक परिवेश रहेको छ। रामलाल चियापसलमा चिया खाँदा रुमालले चिन्लान् भनेर मुख छोप्नु, मिठुले पार्टीका ठुला मान्छे हुन्, गरिब, दुःखीहरूको साथ दिने मान्छे भनी बहस गरेको सम्झनु, हामी सबैलाई धोका दिएर प्रतिक्रियावादीहरू बिकेको मान्छे भनेर गाउँलेले भन्नु, कतै आफूमाथि केही हुन्छ कि भनेर त्रासमा हुनु र मोटर चढेर बस्ती छाडेपछि रामलाल शान्त हुनुले राजनीतिक विकृति अनि जनताप्रतिको घातलाई त्यस समयको परिवेशले देखाएको छ।

**सांस्कृतिक पर्यावरण**

सांस्कृतिक पर्यावरणका रूपमा हेर्दा रामलाललाई सात वर्षको भूमिगत जीवन बिताउँदा महेन्द्रराजमार्गको उत्तरबाट पूर्वतिरको समाजमा बिताउँदा त्यस समाजले दिएको माया अनि संरक्षण नेपाली समाजको पाहुनाप्रतिको संस्कार हो। कथामा सांस्कृतिक पर्यावरणको चित्रण गरिएको छैन। यो हुनु स्वभाविकै हो। लेखक वर्गीय चिन्तन राख्ने, सर्वहारा वर्गको उत्थानमा लाग्ने अनि कम्युनिजम विचारका पक्षपोषक हुनाले पनि संस्कृतिको प्रभावमा कमी आएको हुन सक्छ। यसमा सामाजिक संरचनामा हुने हाम्रो ग्रामीण परिवेशको संस्कृति रहेको छ। पहाडी वा ग्रामीण स्थानमा जीवननिर्वाहका लागि सङ्घर्ष गर्नु, आफ्ना समस्या समाधान गर्न पसल खोलेर बस्नु अनि जीवननिर्वाहका लागि आफ्नो काममा लाग्नु र समाजमा सरसहयोगको कुरा गर्नु हाम्रो सामाजिक संस्कृतिको कार्य हो।

कथामा पुराना पुस्ताबाट नयाँ पुस्तामा आउने परिवर्तनलाई देखाइएको छ। समाजमा देखापर्ने सामाजिक, राजनीतिक सरसहयोग, सत्यको समर्थन अनि गलत कार्यको बिरोध गर्ने कुराले सामान्यतया नेपाली समाजभित्रको सांस्कृतिक पर्यावरणको पक्षलाई सङ्केत गरेको छ।

**आर्थिक पर्यावरण**

सामाजिक, सांस्कृतिक, राजनीतिक विषयले मानिसमा प्रभाव पारेजस्तै आर्थिक अवस्थाले पनि त्यत्तिकै प्रभाव पारेको हुन्छ। तेनले आर्थिक अवस्थाको विषय उठान गरेका छैनन् तर पनि आर्थिक अवस्थाले जुन समयको परिवेशमा रचना गरेको सिर्जना हो त्यस समयको आर्थिक अवस्थाले पारेको प्रभाव अवश्य पर्दछ। यस कथामा पनि आर्थिक परिवेशले रामलालले पार्टी परिवर्तन गरेको अवस्थालाई चित्रण गरेको छ। वर्गीय चिन्तनमा रामलाल महाजनको अवस्थामा देखा परेको स्थिति छ भने मिठु जस्ता व्यक्ति आर्थिक असमानताका कारण जनता देश र जनताका विषयमा सङ्घर्ष गर्ने कुराको चर्चा छ। मिठुले आर्थिक अवस्थाकै कारण झुत्रा कपडा लगाए पनि विचारमा दृढ छ। अर्थकै कारण ग्रामीण क्षेत्रको विकास हुन नसकेको र पछिल्लो समयमा बाटो, ढल बनेको प्रसङ्ग पनि छ। यसरी समाज परिवर्तनको आधार आर्थिक हुनाले कथामा पनि त्यसको सामान्य प्रभाव परेको देखिन्छ। रामलालले मिठुलाई नियालेर हेऱ्यो। उस्तै झुत्राझाम्रा कपठामा थिई ऊ। उसले मनमनै गम्यो - व्यवस्था फेरिएर मिठुलाई केही पनि भएनछ (पृ.३०)। यो पनि आर्थिक अवस्थाकै चित्रण हो। राजनीतिक अवस्था फेरिए पनि स्वार्थी चरित्रले गर्दा जनताका समस्या टर्न नसकेको त्यस समयको यथार्थपरक आर्थिक सोचलाई पनि कथामा समेटिएको देखिन्छ।

**३ निष्कर्ष**

सन्त्रस्त आँखाहरू कथासङ्ग्रहमा सङ्ग्रहित निर्णय कथालाई पर्यावरणका आधारमा हेर्दा भौगोलिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक प्रभाव परेको छ। इपिलि अडोल्फ तेनको मान्यतामा आधारित पर्यावरणलाई हेर्दा पहाडी भूभागको भौगालिक अवस्थाको चित्रण गरेको छ। जीवननिर्वाहका लागि पसल खोलेर बस्नु, झुत्राझामा कपडा लगाएकी मिठु छिमेकीसँग कुरा गर्नु, पार्टीको काममा पूर्वीतिर जानु जस्ता भौगोलिक वातावरणले लेखकलाई पनि प्रभाव पारेको छ। यी घटना कथामा भौगोलिक पर्यावरणको प्रभावका रूपमा आएका छन्। जसले नेपाली पहाडी ग्रामीण जीवनको वस्तुतथ्य घटनालाई चित्रण गरेको छ। सामाजिक पर्यावरणमा समाजमा रहेको वर्गविभेदले जनतामा देखिएका समस्या देखाइएको छ। ग्रामीण परिवेशमा जीवन निर्वाहका लागि गरिने सङ्घर्षलाई पनि प्रस्तुत गरिएको छ। समाजमा देखिने राजनीतिक गतिविधि, विकास निमार्णको कार्य, स्वार्थ सिद्धिका लागि राजनीतिक पार्टीमा प्रवेश गर्ने, जीवन निर्वाहका लागि काममा जुट्ने, एकआपसमा सामाजिक कार्यमा लाग्ने जस्ता विषयहरू निर्णय कथामा सामाजिक पर्यावरणका रूपमा आएका छन्। नयाँ विचारको प्रतिनिधित्व गर्ने रामलाल, मिठु अनि जनताले धार्मिक अनुष्ठान गरेको परिवेश छैन। समाजमा देखा पर्ने सामाजिक, राजनीतिक सरसहयोग, सत्यको समर्थन अनि गलत कार्यको बिरोध गर्ने कुरा नेपाली समाजभित्रको सांस्कृतिक पर्यावरण आएको छ। आर्थिक अवस्थाले जुन समयको परिवेशमा रचना गरेको सिर्जना हो त्यस समयको आर्थिक अवस्थाले पारेको प्रभाव अवश्य पर्दछ। कथामा राजनीतिक अवस्था फेरिए पनि स्वार्थी चरित्रले गर्दा जनताका समस्या टर्न नसकेको त्यस समयको यथार्थपरक आर्थिक सोचलाई भने समेटिएको छ। यसरी निर्णय कथाको पर्यावरणलाई भौगोलिक, सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक पर्यावरणका आधारमा हेर्दा त्यस समयको परिवेश सुहाउँदो पर्यावरण रहेको छ।

**सन्दर्भग्रन्थसूची**

त्रिपाठी, बासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग २, ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मेनेजर (सन् २००६), *साहित्य के समाजशास्त्र की भूमिका* (ते.सं), पंचकलाः हरियाणा साहित्य अकादमी ।

बन्धु, चूडामणि (२०५३), *भाषाविज्ञानका सम्प्रदाय,* काठमाडौँः अक्षर सदन ।

... (२०५७), *पा. वि. पत्रिका वर्ष १९* सङ्ख्या ३३ ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, मातृका, (२०६१), *जनमत प्रकाशन,* बनेपा, काभ्रे ।

शर्मा मोहनराज र लुइँटेल खगेन्द्रप्रसाद (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सचदेव, डी. आर (सन् १९९३), *समाजशास्त्र के सिद्धान्त,* इलाहवाद : किताब महल ।